# प्रदेश लोक सेवा आयोग,
# कोशी प्रदेश, विराटनगर

## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन, लेखा, राजश्व र आन्तरिक लेखा परीक्षण समूह, सहायकस्तर पाचौं तहका पदहरूको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

### पाठ्यक्रमलाई निम्नानुसार विभाजन गरिएको छ :

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| **प्रथम** | लिखित परीक्षा (वस्तुगत) | १०० |
| **द्वितीय** | लिखित परीक्षा (विषयगत) | १०० |
| **अन्तिम** | कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता | ४० |

### परीक्षा योजना (Examination Scheme)

**१. प्रथम चरण (First Phase): लिखित परीक्षा (वस्तुगत)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्याXअङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत: बहुवैकल्पिक प्रश्न (MCQ) | ५०प्रश्न X २अङ्क | ४५ मिनेट |

**२. द्वितीय चरण (Second Phase): लिखित परीक्षा (विषयगत)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| द्वितीय | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन | १०० | ४० | विषयगतः | छोटो उत्तर | ८ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| | | | | | लामो उत्तर | ६ प्रश्न X१० अङ्क | |

**३. अन्तिम चरण:- कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (Computer Skill Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षण प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ३० | मौखिक (Oral) | - |

**द्रष्टव्यः-**

१. यो पाठ्यक्रम योजनालाई **लिखित परीक्षा (प्रथम चरण र द्वितीय चरण) तथा अन्तिम चरण (कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता)** गरी तीन चरणमा विभाजन गरिएको छ।

२. **प्रश्न पत्र नेपाली वा अंग्रेजी भाषामा हुनेछ।**

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिने छ। तर उत्तर नदिएमा त्यसबापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।
५. परीक्षामा कुनै प्रकारको क्यालकुलेटर, मोवाइल फोन, स्मार्ट वाच, हेडफोन वा अन्य कुनै विद्युतीय उपकरण प्रयोग गर्न पाइने छैन।
६. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्नअन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।
७. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिइए अनुसार हुनेछ।
८. द्वितीय पत्र (विषयगत प्रश्न हुने पत्र)का हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरूको उत्तर सोही खण्डको उत्तर पुस्तिकामा लेख्नु पर्नेछ।
९. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/ विषयका विषयवस्तुमा जे सुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भइ हटाइएका वा थप गरी संशोधन भएका) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
१०. **प्रथम चरण (First Phase) को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित गराइनेछ।**
११. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको **शत प्रतिशत अङ्क** तथा द्वितीय चरण (Seceond Phase) को प्राप्ताङ्कहरू जोडी कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ।
१२. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइने छ।
१३. लिखित परीक्षा र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको कूल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।
१४. पाठ्यक्रम लागू हुने मितिः- **२०८१/८/२३**

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन, लेखा र राजश्व समूह, सहायकस्तर पाचौं तहका पदहरूको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**प्रथम पत्रः- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण**

**१. सामान्य ज्ञान** **३५ प्रश्न X २ अङ्क = ७० अङ्क**

१.१ भूगोलः-

१.१.१ विश्वको भूगोल — महादेश, महासागर, ध्रुव, अक्षांश, देशान्तर, समय, दुरी, पर्वत श्रृङ्खला, भुकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, जलवायू आदि

१.१.२ नेपालको भूगोल-

१.१.२.१ धरातलीय स्वरुपको किसिम र विशेषताहरू

१.१.२.२ प्राकृतिक स्रोतहरूः किसिम, उपलब्धी र वर्तमान अवस्था

१.१.२.३ भौगोलिक विविधता र जनजीवन

१.१.२.४ नेपालमा पाइने हावापानीको किसिम र विशेषता, हावापानीको विविधताबाट उत्पन्न भएका आर्थिक तथा सामाजिक क्रियाकलाप र जिविकोपार्जनमा विविधता

१.२ इतिहासः-

a) विश्वको इतिहास- म्याग्नाकार्टा, औद्योगिक क्रान्ती, प्रथम र द्धितीय विश्वयुद्ध सम्बन्धी जानकारी

b) नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

1.2.b.1 किराँतकाल, लिच्छविकाल र मध्यकाल; सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था

1.2.b.2 आधुनिक इतिहास तथा राजनीतिक घटनाक्रम, कारण र परिणामहरू

1.2.b.3 नेपालमा लोकतन्त्रका लागि भएका आन्दोलनहरु

१.३ नेपालको सामाजिक एवं साँस्कृतिक अवस्था

a) प्रथा, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाती, भाषाभाषी, संस्कृति, कला, साहित्य र संगीत

b) साँस्कृतिक सम्पदाको किसिम, विशेषता र महत्व

१.४ नेपालको आर्थिक अवस्थाः विकासका पूर्वाधारहरू (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत)

१.५ कोशी प्रदेशको भौगोलिक, सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिक अवस्था सम्बन्धी जानकारी

१.६ विज्ञान प्रविधि र स्वास्थ्य सम्बन्धी निम्नलिखित विषयमा सामान्य जानकारी

a) विज्ञान र प्रविधिको विकासबाट मानवजीवनमा परेको प्रत्यक्ष प्रभाव

b) जैविक प्रविधि, सूचना तथा सञ्चार प्रविधि र वैकल्पिक उर्जा

c) क्रमविकास (Evolution) र वंशाणु, स्वास्थ्य, रोग, खोप, खाद्यपोषण, सरसफाई

d) दैनिक जीवनमा प्रयोग हुने वस्तुहरू साबुन, प्लाष्टिक, रेसा, काँच, मल र किटनाशक औषधी

१.७ पारिस्थितिक पद्धति र वातावरण

a) पारिस्थितिक पद्धतिको परिचय र प्रकार तथा जीव, भू-रासायनिक चक्र

b) दिगो विकास, जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरू, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, हरितगृह प्रभाव, ओजोनतहको विनास, वातावरण, प्रदूषण, जनसंख्या, शहरीकरण, बसोवास (बसाइँसराइ)

१.८ संयुक्त राष्ट्र संघ (UNO), दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC), बिमस्टेक (BIMSTEC) र आसियान (ASEAN) सम्बन्धी सामान्य जानकारी

१.९ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य लगायत समसामयिक घटना तथा नवीनतम गतिविधिहरू र महत्वपूर्ण व्यक्तित्व तथा विचारहरू सम्बन्धी जानकारी

१.१० नेपालको अर्थतन्त्र र यसका विशेषताहरु, राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य

१.११ नेपाली भाषामा लेखन शैलीको विकासका लागि आवश्यक व्याकरण र सो अनुरुपको शुद्धा शुद्धि सम्बन्धी जानकारी

वर्णविन्यास, पदसङ्गति, नाम, सर्वनाम, क्रियापद, विशेषण, काल, वाच्य, पदवर्ग, कारक र विभक्ति, वचन, पुरुष, लिङ्ग, विपरितार्थक शब्द, पर्यायबाची शब्द, उपसर्ग लागेर निर्मित शब्दहरु, प्रत्यय लागेर निर्मित शब्दहरु, समास भएर निर्मित शब्दहरु, ह्रश्व दीर्घ, श, ष, स लगायतका व्याकरणगत शुद्ध लेखन शैलीमा केन्द्रीय विषयहरुको सामान्य ज्ञान

१.१२ अंग्रेजी (Knowledge on Writing correct English sentence, Letter and report According to English grammer based on the following syntatic functions):

a) Noun, Pronoun, Adjective, Verb, Adverb, Preposition, Conjunction, Interjection etc.

b) Vocabulary:
Meaning of the words (literal/figurative/contextual), Single word for expressions, Synonyms/antonyms and Homonyms/homophones)

## २. सामान्य बौद्धिक परीक्षण १५ प्रश्न x २ अङ्क = ३० अङ्क

### २.१ शाब्दिक तार्किक परीक्षणः

बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ- डिकोडिङ, छोडिएका अक्षर/संकेत मिलाउने, दिशा र दुरी ज्ञान परीक्षण, तार्किक विश्लेषण, श्रेणीक्रम (पंक्तिक्रम), भनाई र कारण, आगमन, निगमन, कार्य/ अवस्थाको सिलसिला

Verbal reasoning such as series, analogy, classification, coding-decoding, insert the missing character, common property, matrices, direction and distance sense test, ranking order, assertion and reason, induction, deduction, courses of action,etc

### २.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणः

अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्याङ्क व्याख्या, तथ्याङ्क जाँच (रूजु), अंकगणितीय तर्क/क्रिया सम्बन्धी, प्रतिशत, भिन्न, दशमलव, अनुपात, औसत, नाफा, नोक्सान, मिति/पात्रो, समय र काम

Quantitative aptitude such as series, analogy, classification, coding-decoding, insert the missing character, common property, matrices,data sufficiency, arithmetical reasoning / operation, percentage, fraction, decimal, ratio, average, loss, profit, date/calendar, time and work, etc

### २.३ अशाब्दिक तार्किक परीक्षणः

अनुक्रम, समरुपता, एकरूपता, वर्गीकरण, तार्किक, चित्रात्मक विश्लेषण, भेन चित्र, मेट्रिक्स चित्र, त्रिभुज र वर्गहरूको रचना, चित्र वा आकृति बनावट र विश्लेषण, विन्दु स्थान/स्थिति, पानीमा देखिने आकृति, ऐनामा देखिने आकृति, अन्तर्निहित आकृति, चित्रको स्थानान्तरण
Non-verbal reasoning such as series, analogy, classification, Venn diagrams, matrices, construction of squares and triangles and figure formation and analysis, dot situation, water images, mirror images, embedded figures, etc.

प्रथम पत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषयका पाठ्यक्रमका एकाईहरूबाट सोधिने प्रश्नहरूको संख्या निम्नानुसार हुनेछ ।

| **प्रथमपत्र** | **सामान्य ज्ञान** | | | | | | | | | | | | **सामान्य बौद्धिक परीक्षण** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | ७० | | | | | | | | | | | | ३० | | |
| एकाइ | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | १.१० | १.११ | १.१२ | २.१ | २.२ | २.३ |
| प्रश्न संख्या | ४ | ४ | ३ | ३ | २ | ३ | ३ | २ | ५ | २ | २ | २ | ५ | ५ | ५ |
| जम्मा प्रश्न | जम्मा ३५ | | | | | | | | | | | | १५ | | |

## नमूना प्रश्नहरु (Model Questions)
### प्रथम पत्रः- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

१. जोडा मिलाउनुहोस ?

| | |
|---|---|
| क. रतुवामाई नगरपालिका | १. मोरङ |
| ख. रामधुनी नगरपालिका | २. सुनसरी |
| ग. लालीगुरास नगरपालिका | ३. तेह्रथुम |
| घ. धर्मदेवी नगरपालिका | ४. संखुवासभा |

| | क | ख | ग | घ |
|---|---|---|---|---|
| A | १ | २ | ३ | ४ |
| B | २ | १ | ४ | ३ |
| C | १ | २ | ४ | ३ |
| D | २ | १ | ३ | ४ |

२. प्रदेश योजना आयोग (कोशी प्रदेश) मा तलका मध्ये को सदस्य रहदैंन?
क) माननीय मुख्यमन्त्री
ख) माननीय आर्थिक मामिला तथा योजना मन्त्री
ग) प्रदेश सरकारको प्रमुख सचिव
घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव

३. क्षेत्रफलका आधारमा ठूलो देखि सानो क्रम मिलाउनु होस।
A ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, मोरङ
B ताप्लेजुङ, सोलुखुम्बु, संखुवासभा, मोरङ
C ताप्लेजुङ, मोरङ, सोलुखुम्बु, संखुवासभा
D ताप्जेजुङ, मोरङ, संखुवासभा, सोलुखुम्बु

४. वेडेल र रोस समुद्र कुन महादेशमा घुसेका छन्?

A. अफ्रिका B. अष्ट्रेलिया C. दक्षिण अमेरीका D. अन्टार्कटिका

५. जोडा मिलाउनुहोस।

क. किरात राज्यका संस्थापक — १. गस्ती
ख. महाभारतको युद्धकाल — २. स्थुंको
ग. सम्राट अशोक नेपाल आएका — ३. हुमती
घ. अन्तिम किराती राजा — ४. यलम्बर

| | क | ख | ग | घ |
|---|---|---|---|---|
| A | १ | २ | ३ | ४ |
| B | ४ | ३ | २ | १ |
| C | ४ | ३ | १ | २ |
| D | ३ | ४ | २ | १ |

६. पृथ्वीराज चौहान महाकाव्यका लेखक को हुन?

A. मोतिराम भट्ट B. बालकृष्ण सम C. लक्ष्मीप्रसाद देवकोटा D. लेखनाथ पौडेल

७. पन्ध्रौ आवधिक योजनाले नेपालको आर्थिक वृद्धिदर कति पुऱ्याउने लक्ष्य लिइएको छ?

A. १० प्रतिशत B. १०.१ प्रतिशत C. १०.२ प्रतिशत D. १०.३ प्रतिशत

८. तलका मध्ये कुन शुद्ध छ?

A. उपशीर्षक B. उपशिर्षक C. उपसिर्षक D. उपशिर्सक

९. What is the meaning of 'Wonderful'

A. Fantastic B. Direct C. Possible D. Average

१०. In a certain code language,

'134' means 'good and tasty';
'478' means 'see good pictures' and
'729' means 'pictures are faint'.
Which of the following digits stands for 'see'?

A. 9 B. 2 C. 1 D. 8


११. कुनै परीक्षामा सम्मिलित परीक्षार्थीहरु मध्ये ८० प्रतिशत विद्यार्थी उतीर्ण भएछन। उक्त परीक्षामा ५ जना परीक्षार्थी फेल भएका थिए र ३ जना परीक्षार्थीले परीक्षामा सहभागीता जनाएका थिएनन् भने उक्त कक्षामा कती विद्यार्थी थिए?

A. 25 B. 28 C. 30 D. 23

१२. १० वटा टीमहरु सहभागी खेलमा प्रत्येक टिमले एक आपसमा खेल्दा जम्मा कति खेल खेलिन्छ?


A. ४० B. ४५ C. ६० D. ९०

१३.	तलको चित्रमा कति वटा त्रिभुजहरु रहेका छन्?




A. २१	B. २३	C. २५	D. २७

१४.	तलको चित्रको Mirror image पत्ता लगाउनुहोस्।




A.	B.	C.	D.



**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन, लेखा र राजश्व समूह, सहायकस्तर पाचौं तहका पदहरूको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**द्वितीय पत्र :- समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन**

| | | |
|---|---|---|
| खण्ड (Section) (A) | २ प्रश्न X १० अङ्क = २० अङ्क | ३० अङ्क |
| | २ प्रश्न X ५ अङ्क = १० अङ्क | |

**१. नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था**

१.१ भौगोलिक अवस्था/स्वरुप : किसिम र विशेषताहरू

१.२ हावापानी : किसिम र विशेषता

१.३ जलसम्पदा : स्थिति र महत्व

१.४ वनसम्पदा : अवस्था र महत्व तथा वन विनाशका कारण र संरक्षणका उपायहरू

१.५ आर्थिक विकासका पक्षहरू : कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार र जनशक्ति

१.६ नेपालको विकासका पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य, यातायात, सूचना प्रविधि, खानेपानी, विद्युत तथा अन्य ऊर्जाका श्रोतहरु) को अवस्था

१.७ आर्थिक विकासका सम्वाहकहरू : सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक — निजी साझेदारी

१.८ योजनाबद्ध विकासक्रम, राष्ट्रिय र प्रादेशिक (कोशी प्रदेश) आवधिक योजनाको सामान्य जानकारी

१.९ जनसंख्या व्यवस्थापन, शहरीकरण र बसाईसराई

१.१० वातावरण व्यवस्थापन, जैविक विविधता, वातावरण प्रदूषण र जलवायु परिर्वतन, फोहोरमैला व्यवस्थापन

१.११ दिगो विकासका लक्ष्यहरू र नेपालको अवस्था

१.१२ अन्तरसम्बन्धित विषयहरू (Cross Cutting Issues) : गरिबी, बेरोजगारी, लैंगिक सवाल, जनस्वास्थ्य, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, उर्जा संकट, सूचना प्रविधि र सामाजिक संजाल

१.१३ विपद् व्यवस्थापन तथा महामारी व्यवस्थापनमा तीन तहका सरकारको सहकार्य एवं प्रदेश सरकारको भूमिका

१.१४ कोशी प्रदेश को प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी, संस्कृति, सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था

१.१५ उपभोक्ता हित संरक्षण सम्बन्धी जानकारी

| | | |
|---|---|---|
| खण्ड (Section) (B) | २ प्रश्न X १० अङ्क = २० अङ्क | ३० अङ्क |
| | २ प्रश्न X ५ अङ्क = १० अङ्क | |

## २. संवैधानिक व्यवस्था र सरकार

२.१ नेपालको संविधान

२.२ संघीयताको अवधारणा र नेपालमा यसको अभ्यास

२.३ नागरिक चेतना/शिक्षा, नागरिक समाज लगायत नागरिकहरूको दायित्व र कर्तव्य

२.४ कानूनको अर्थ र महत्व तथा कानुनका स्रोतहरू

२.५ कानूनी राज्यको अवधारणा र महत्व

२.६ सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेद, लोकतन्त्र र मानव अधिकार, निर्वाचन प्रणाली, निर्वाचन चक्र, मतदाता, मतदान र निर्वाचन व्यवस्थापन सम्बन्धी सामान्य जानकारी

२.७ राज्यशक्तिको बाँडफाँड तथा संघ, प्रदेश र स्थानीय तहको अधिकार

२.८ स्थानीय तहको न्यायिक अधिकार, विवाद समाधान र मेलमिलाप

२.९ स्थानीय कार्यपालिका, व्यवस्थापिका र आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी

२.१० संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध

२.११ प्रदेश कार्यपालिका, व्यवस्थापिका र आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी

२.१२ मुद्दा मामिला र त्यसको प्रतिरक्षा सम्बन्धी सामान्य जानकारी

| | | |
|---|---|---|
| खण्ड (Section) (C) | २ प्रश्न X १० अङ्क = २० अङ्क | ४० अङ्क |
| | ४ प्रश्न X ५ अङ्क = २० अङ्क | |

## ३. सार्वजनिक सेवा संचालन एवं व्यवस्थापन

### ३.१ कार्यालय व्यवस्थापन

३.१.१ कार्यालय र कार्यालय व्यवस्थापनको अवधारणा र महत्व

३.१.२ कर्मचारीको आचरण तथा अनुशासन

३.१.३ अभिलेख व्यवस्थापनको परिचय, उद्देश्य, आवश्यकता र महत्व

३.१.४ कार्यालयमा संचारको महत्व, प्रकार, माध्यम

३.१.५ कार्यालयमा व्यवस्थापन सूचना प्रणाली (MIS) को आवश्यकता र महत्व, प्रचलनमा रहेका व्यवस्थापन सूचना प्रणालीहरु (MIS)

३.१.६ टिप्पणी लेखनको महत्व र आवश्यकता

३.१.७ सर्जमिन मुचुल्का सम्बन्धी सामान्य जानकारी

३.१.८ बैठक व्यवस्थापन तथा माइन्यूट लेखन

३.१.९ गुनासो व्यवस्थापन

३.१.१० द्वन्द्व व्यवस्थापन

३.१.११ गोष्ठी, कार्याशाला र सेमिनार व्यवस्थापन

३.१.१२ समय व्यवस्थापन र यसको महत्व

३.१.१३ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सामान्य जानकारी

३.१.१४ सार्वजनिक सम्पत्ति व्यवस्थापन

३.२ **लेखा प्रणाली र राजस्व प्रशासन**

३.२.१ सरकारी लेखा प्रणाली र लेखापरीक्षण सम्बन्धी जानकारी

३.२.२ सरकारको आर्थिक कार्य प्रणालीको सामान्य जानकारी

३.२.३ विनियोजन,राजस्व, धरौटी र जिन्सी स्रेस्ता प्रणाली

३.२.४ राजस्व प्रशासन (कर, भन्सार, अन्तःशुल्क तथा गैर कर राजस्व) सम्बन्धी जानकारी

३.२.५ राजस्व र खर्चको फाँटवारी र प्रतिवेदन

३.२.६ बजेट सम्बन्धी सामान्य जानकारी

३.२.७ स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी

३.२.८ अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजस्व अधिकार र परिचालन सम्बन्धी सामान्य जानकारी

३.२.९ संघ, प्रदेश र स्थानीय तहको कर तथा गैह्र करका अधिकार क्षेत्र र राजश्व बाँडफाँड सम्बन्धी व्यवस्था

३.२.१० आर्थिक प्रशासन सम्बन्धी सूचना प्रणालीहरू (SUTRA, RMIS, TSA, LMBIS, PLMBIS, PAMS) सम्बन्धी सामान्य जानकारी

३.३ **सार्वजनिक सेवा प्रवाह**

३.३.१ सार्वजनिक सेवा प्रवाहको अर्थ र महत्व, सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यमहरू

३.३.२ सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीको अधिकार तथा दायित्व

३.३.३ सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिता र पारदर्शिता

३.४ व्यक्तिगत घटना दर्ता

३.५ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

३.६ सार्वजनिक खरिद सम्बन्धी सामान्य जानकारी

३.७ कोशी प्रदेश सरकारको संगठन संरचना सम्बन्धी सामान्य जानकारी

३.८ संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धी कानूनहरु

३.९ स्थानीय सरकार संचालन ऐन, २०७४

३.१० भ्रष्टाचार निवारण ऐन, २०५९

३.११ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

३.१२ सूचनाको हक तथा यस सम्बन्धी कानूनी व्यवस्था

३.१३ देहायका संगठनको परिचय तथा कार्यहरु सम्बन्धी सामान्य जानकारीः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, निर्वाचन आयोग, प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग

३.१४ प्रदेश सहकारी ऐन, २०७६ (परिच्छेद २ देखि परिच्छेद ६ सम्म) (कोशी प्रदेश)

३.१५ नेपाल नागरिकता ऐन, २०६३ तथा नियमावली, २०६३

३.१६ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी

३.१७ प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ र सो को नियमावली, २०७९

**द्रष्टव्य :** यस पत्रका पाठ्यक्रमका एकाईहरूबाट सोधिने प्रश्नहरूको संख्या यथासम्भव निम्नानुसार हुनेछ।

| द्वितीयपत्रका खण्ड | (क) | (ख) | (ग) | जम्मा प्रश्न संख्या |
|---|---|---|---|---|
| अङ्कभार | ३० | ३० | ४० | |
| छोटो उत्तर प्रश्न | २ | २ | ४ | ८ |
| लामो उत्तर प्रश्न | २ | २ | २ | ६ |
| जम्मा प्रश्न संख्या | ४ | ४ | ६ | १४ |

## नमूना प्रश्नहरु (Model Questions)

## द्वितीय पत्रः- समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

१. प्रदेश लोक सेवा आयोग (कोशी प्रदेश) को काम, कर्तव्य र अधिकारका सम्बन्धमा लेख्नुहोस् ।

२. सप्तकोशी नदीको वारेमा वर्णन गर्दै कोशी प्रदेशमा जलसम्पदाको महत्व उल्लेख गर्नुहोस।

३. जलवायु र मौसम बिच फरक छुट्याउनुहोस्।

४. नेपालको जिन्सी श्रेष्ता प्रणालीका सम्बन्धमा उल्लेख गर्दै यसका प्रमुख कमजोरीहरु प्रकाश पार्नुहोस्।

५. गरीबीका बारेमा छोटकारीमा उल्लेख गर्दै गरीबी न्यूनिकरणमा कोशी प्रदेश सरकारका कुन कुन निकायले कस्तो भूमिका निर्वाह गरेका छन् उल्लेख गर्नुहोस।

६. कानूनका श्रोतहरु उल्लेख गर्नुहोस। विधायनलाई किन कानूनको भरपर्दो र महत्वपूर्ण श्रोत मानिन्छ? वर्णन गर्नुहोस्।

७. समय व्यवस्थापन भनेको के हो? निजामती सेवामा यो किन महत्वपूर्ण छ?

८. PAMS भन्नाले के बुझिन्छ? उल्लेख गर्नुहोस्।

९. सूचनाको हक र पारदर्शिता बिच फरक छुट्याउनुहोस् ।

१०. माइन्यूट लेखनका आधारभूत तत्वहरु उल्लेख गर्नुहोस्।

**विषयः- कम्प्युटर सीप परीक्षण (Computer Skill Test)**

**प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | विषयवस्तु शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Devanagari Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Word Processing | २ अङ्क | ५ मिनेट |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| | | Presentation Sysytem | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| **जम्मा** | | | **१० अङ्क** | **१५ मिनेट** |

## Contents

**1. Windows basic, Email and Internet**

- Introduction to Graphical User Interface
- Use & Update of Antivirus
- Concept of virus, worm, spam etc.
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of file, folder, menu, toolbar
- Searching files and folders
- Internet browsing & searching the content in the web
- Creating Email ID, Using email and mail client tools
- Basic Network troubleshooting (checking network & internet connectivity)

**2. Word processing**

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Copying, Moving, Deleting and Formatting Text
- Paragraph formatting (alignment, indentation, spacing etc.)
- Creating lists with Bullets and Numbering
- Creating and Manipulating Tables
- Borders and Shading
- Creating Newspaper Style Documents Using Column
- Security Techniques of Document
- Inserting header, footer, page number, Graphics, Pictures, Symbols
- Page setting, previewing and printing of documents
- Mail merge

**3. Presentation System**

- Introduction to presentation application
- Creating, Opening & Saving Slides
- Formatting Slides, Slide design, Inserting header & footer
- Slide Show
- Animation
- Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

**4. Electronic Spreadsheet**

- Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
- Creating, Opening and Saving Work Book
- Editing, Copying, Moving, Deleting Cell Contents
- Formatting Cells (Font, Border, Pattern, Alignment, Number , Protection, Margins and text wrap)
- Formatting Rows, Column and Sheets
- Using Formula with Relative and Absolute Cell Reference
- Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc)
- Sorting and Filtering Data
- Inserting Header and Footer
- Page Setting, Previewing and Printing

-----

**अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः-**

1. देवननागरी Typing Skill Test को लागि १५० शब्दहरूको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ५ वा सोभन्दा बढी ७.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ७.५ वा सोभन्दा बढी र १० भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १० वा सोभन्दा बढी र १२.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १२.५ वा सोभन्दा बढी र १५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १५ वा सोभन्दा बढी र १७.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| १७.५ वा सोभन्दा बढी र २० भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २० वा सोभन्दा बढी र २२.५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २२.५ वा सोभन्दा बढी र २५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| २५ वा सोभन्दा बढीशुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

2. English Typing Skill Test को लागि २०० शब्दहरूको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ६ वा सोभन्दा बढी ९ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ९ वा सोभन्दा बढी र १२ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १२ वा सोभन्दा बढी र १५ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १५ वा सोभन्दा बढी र १८ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १८ वा सोभन्दा बढी र २१ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| २१ वा सोभन्दा बढी र २४ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २४ वा सोभन्दा बढी र २७ भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २७ वा सोभन्दा बढी र ३० भन्दा कमशुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| ३० वा सोभन्दा बढीशुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ । दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लिखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट (Correct Words/minute) निकालिनेछ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\boldsymbol{Total\ words\ typed - Wrong\ words})}{\mathbf{5}}$$